स्थानीय सरकार
अजयमेरु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

प.सं.- ०८१/०८२
च.नं.-

ईमेल:info@ajayamerumun.gov.np
वेभसाईट:www.ajayamerumun.gov.np

मितिः २०८१/१०/३०

**आ.व. २०८२/०८३ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सार्वजनिक सूचना !!**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ क नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम चालु आर्थिक वर्ष २०८१/०८२ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ (अठार) वर्ष देखि ५९ (उनान्साठी) वर्ष उमेर समूहका बेरोजगार नागरिकले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसुची-१ को फारम भरी यहि मिति २०८१ फागुन ०१ गते देखि २९ गते सम्म आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी वडा कार्यालय, रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट https://pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

२०८१/१०/३०

जितेन्द्र प्रसाद ओझा
प्रमुख प्रशासकीय अधिकृत

<u>निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरू:</u>

- निवेदकको नेपाली नागरिकताको प्रतिलिपि - १ प्रति
- नागरिकतामा स्थायी ठेगाना हाल बसोवास गरेको स्थान भन्दा फरक भएमा वसाईसराईको प्रितलिपी-१प्रति
- निवेदकको परिवारको सदस्यको नागरिकताको प्रतिलिपी वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति
- निवेदकको शैक्षिक योग्यता वा सीप / क्षमताको प्रमाणपत्र १ प्रति (ऐच्छिक)